# बाह्रदशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चकचकी , झापा

**आन्तरिक आय संकलन सम्बन्धि शिलवन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७६/०३/०५)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ मा व्यवस्था भए अनुसार यस गाउँपालिकाको क्षेत्र भित्र रहेको को आ.व. २०७६/०७७ को १ (एक) वर्ष का लागि तपसिलमा उल्लेखित बजारहरुको ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति संघ संस्था, फर्म तथा कम्पनीहरूबाट निम्न बमोजिमको रित पुर्‍याई ठेक्काका लागि शिलवन्दी पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि.नं. | ठेक्का नं. | ठेक्काको विवरण | न्युनतम वार्षिक ठेक अंक (मु.अ.करबाहेक) | दरभाउपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/२०७५/०७६ | डाँगिबारी बाखा बजार (सम्बन्धि) | ४,८१,१२१।– | १,०००/– (पछि फिर्ता नहुने गरी) | |
| २ | ०२/२०७५/०७६ | स्थानीय सेवा शुल्क (सम्बन्धि) | ४,११,७८६।– | १,०००/– (पछि फिर्ता नहुने गरी) | |
| ३ | ०३/२०७५/०७६ | राजगढ बजार (सम्बन्धि) | १,५१,६०१।- | १,०००/- (पछि फिर्ता नहुने गरी) | |
| ४ | ०४/२०७५/०७६ | भारगुडुब्बा बजार (सम्बन्धि) | २४,९५१।- | ५००/- (पछि फिर्ता नहुने गरी) | |
| ५ | ०५/२०७५/०७६ | जनता बजार (सम्बन्धि) | १४,०००।- | ५००/- (पछि फिर्ता नहुने गरी) | |
| ६ | ०६/२०७५/०७६ | चकचकी बजार (सम्बन्धि) | ३५,०००।- | ५००/- (पछि फिर्ता नहुने गरी) | |
| ७ | ०७/२०७५/०७६ | फुलबारी नमूना बजार (सम्बन्धि) | १२,०००।- | ५००/- (पछि फिर्ता नहुने गरी) | |
| ८ | ०८/२०७५/०७६ | बुधबारे बजार (सम्बन्धि) | ६,०००।- | ५००/- (पछि फिर्ता नहुने गरी) | |

१. शिलवन्दी फाराम सूचना प्रकाशित भएको मितिले १५ औं दिन मिति (२०७६/०३/१९) सम्म कार्यालय समय भित्र उपर्युक्त बमोजिमको दस्तुर तिरी खरिद गर्न सकिने छ। उक्त फाराम खरिद गर्दा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फर्म भए फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी साथ निवेदन पेश गरी यस कार्यालयबाट खरिद गर्न सकिने छ।

२. शिलवन्दीमा आफुले कबोल गरेको अंकको ५ प्रतिशतले हुने रकम यस बाह्रदशी गाउँपालिकाको नेपाल राष्ट्रिय वाणिज्य वैंक, भद्रपुर स्थित धरौटी खाता नं. २२१०३०४०१८१०७ मा जम्मा गरेको सक्कल भौचर र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म भए फर्म दर्ता प्रमाण पत्र, पान तथा भ्याट दर्ताको प्रतिलिपि र आ.व. २०७४/०७५ को कर चुक्ताको प्रतिलिपि समेत संलग्न राखी शिलवन्दी साथ पेश गर्नु पर्नेछ। साथै शिलवन्दी पेश गर्ने खाम बाहिर प्रष्ट बुझिने गरी ठेक्का नम्वर र ठेक्का विवरण उल्लेख गरी शिलवन्दी भनि शिलवन्दी दाताको नाम, थर, ठेगाना र सम्पर्क फोन नं. समेत प्रष्ट उल्लेख भएको हुनु पर्नेछ।

३. पेश भएका शिलवन्दीहरू दाखिला भएको मितिले १६ औं दिन मिति (२०७६/०३/२०) सम्म दिनको १२ बजे भित्रमा दाखिला गर्नुपर्नेछ र सोही दिन २:०० बजे शिलवन्दी दाता वा प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र दाता वा निजहरूको प्रतिनिधि उपस्थित नभएमा पनि शिलवन्दी खोल्न वाधा पर्ने छैन।

४. रित नपुगी, म्याद नाघी आएका वा कुनै शर्त राखी आएका शिलवन्दी उपर कुनै कारवाही गरिने छैन।

५. ठेकेदारले सम्झौताको समयमा ठेक्का रकम एकमुष्ठ बुझाएमा १० प्रतिशत सम्म छुट दिन सकिने छ। एकमुष्ठ ठेक्का अंक नबुझाउनेको हकमा ठेक्का अंकलाई तीन किस्तामा विभाजन गरिनेछ। पहिलो किस्ताको रकम ठेक्का अंकको ५० प्रतिशत कायम गरिने र अन्य दुई किस्ता २५/२५ प्रतिशतमा विभाजन गरिनेछ। पहिलो किताको रकम ठेक्का सम्झौता अघि नै यस कार्यालयमा बुझाउनु पर्नेछ। दोस्रो किस्ताको रकम सम्झौताको मितिले चौथो महिनामा र अन्तिम किस्ताको रकम सम्झौताको मितिले आठौं महिनाभित्र यस कार्यालयमा बुझाउनु पर्नेछ। एकमुष्ठ रकम नबुझाई किस्तामा रकम बुझाउनेको हकमा पहिलो किस्ता बाहेक बाँकी किस्ताको लागि सो बराबरको ठेक्का अवधि भएको बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) पेश गर्नु पर्नेछ।

६. कुनै कारण देखाइ वा नदेखाइ ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बाह्रदशी गाउँपालिकाको कार्यालयमा सुरक्षित रहने छ। दर्ता हुन आएका शिलवन्दी मध्ये स्वीकृत शिलवन्दी दातालाई सम्झौता गर्न आउन भनि सूचना दिइने छ। सम्झौता गरी ऐन, नियम बमोजिम पट्टा पूर्जी लिई ठेक्का सञ्चालन गर्नु पर्नेछ।

७. शिलवन्दी दाताले शिलवन्दी पेश गर्दा मुल्य अभिवृद्धि कर बाहेकको ठेक्का अङ्क उल्लेख गर्नु पर्नेछ। प्रचलित कानुन बमोजिम लाग्ने कर, दस्तुर आदि बुझाउनु पर्ने रकम ठेकेदार आफैले बुझाउनु पर्नेछ। मूल्य अभिवृद्धि करको हकमा प्रचलित कानुन बमोजिम लाग्ने मु.अ.कर रकम किस्ता भुक्तानी सँगै अग्रिम रुपमा बुझाउनु पर्नेछ।

८. शिलवन्दी पत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट तोकिएको समयभित्र खरिद तथा दाखिला गर्ने सकिने छ।

९. शुल्क उठाउन आवश्यक कर्मचारी र अन्य व्यवस्था ठेकेदार स्वयमले गर्नु पर्नेछ। कर असुली गरिने नगदी रसिद ठेकेदार आफ्नै तर्फबाट छपाई यस कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ।

१०. शिलवन्दी साथ रहेको धरौटी रकम ठेक्काको अवधि समाप्त भए पछि आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ताको गरेको प्रमाण पेश गरेपछि मात्र फिर्ता दिइने छ। धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन।

११. विक्रीनाम्रा असुल गर्ने रकम गाउँ कार्यपालिकाले तोकेअनुसार हुनेछ।

१२. ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएमा बाह्रदशी गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

१३. अन्य विस्तृत जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ र सूचना यस कार्यालयको वेबसाइट http://www.bahradashimun.gov.np/ मा हर्न र पढ्न सकिने छ।

.....................................

प्रमुख प्रशासकीय अधिकृत

सुवास श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत